# मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५

**प्रस्तावनाः** व्यावसायिक कृषक तथा उद्यमीलाई उनीहरूले गरिरहेको व्यवसाय र सोको सम्भाव्यताको आधारमा अनुदान प्रवाह गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यावसायिक रुपमा अगाडि बढ्ने तथा संगठित बजारमा पशु तथा पशुजन्य पदार्थको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गर्दै प्रदेश सरकार, प्रदेश नं. ५ को आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रमको बुदा नं. ५३, ६२ र ६३ मा माछा, मासु, दूध र अण्डा उत्पादनलाई व्यावसायिकरण तर्फ उत्प्रेरित गरिनेछ भन्ने नीतिलाई साकार पार्न र प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मागमा आधारित अनुदान कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम "मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान" भन्नाले पशुपन्छी तथा मत्स्य पालनको लागि दफा अनुसूची २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मूल्य श्रृंखलाहरुमा दिईने अनुदान सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपन्छी तथा मत्स्य पालक कृषक समूह/सहकारी संस्था/निजी फर्म/उद्यमीहरु सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले "मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७५" सम्झनुपर्छ।

(घ) "मागमा आधारित अनुदान कार्यक्रम" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं ५ रुपन्देही मार्फत सञ्चालन तथा ब्यवस्थापन गर्ने गरी पशुपन्छी तथा मत्स्य विकासको लागि दिइने अनुदान कार्यक्रम सम्झनुपर्छ।

(ङ) "मापदण्ड" भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मूल्याङ्कनका लागि तोकिएका अनुसूची ६ बमोजिमको मापदण्ड सम्झनुपर्छ।

(च) "व्यावसायिक पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम" भन्नाले यस कार्यविधिको अनुसूची ३ (ख) बमोजिम पेश भएको आयोजना सम्झनुपर्छ।

(छ) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं ५ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले परिच्छेद ३ बमोजिम गठन गरिएका समितिहरु सम्झनुपर्छ ।

(झ) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यावसायिक पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कूल लगानी रकम सम्झिनुपर्छ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्थाः

**३. कार्यविधिको उद्देश्यः** मागमा आधारित अनुदान कार्यक्रम सरल, पारदर्शी तथा प्रभावकारी रुपले सञ्चालन गर्ने ।

**४. कार्यक्रमका उद्देश्यहरुः** कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्।

(क) पशुपन्छी तथा मत्स्य विकास प्रणालीलाई आधुनिकीकरण, व्यबसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता बिकास गर्ने।

(ख) रोजगारीका अवसरहरु सृजना गरी गरिबी निवारणमा टेवा पुऱ्याउने।

(ग) पशुपन्छी तथा मत्स्य पेशालाई ब्यबसायिक एंव मर्यादित पेशाको रुपमा स्थापित गराउने।

**५. कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) निर्देशनालयको बार्षिक बजेट तथा कार्यक्रममा मागमा आधारित अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए वमोजिम कार्यक्रम सञ्चालन गरिनेछ।

(२) अनुदान प्रवाहका लागि राष्ट्रिय दैनिकमा ३० (तीस) दिनको म्याद दिई अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरिनेछ ।

(३) प्रस्ताव पेश गर्दा अनुसूची १ बमोजिमको बर्गिकरणमा अनुसूची २ बमोजिमको मापदण्डमा आधारित रहेर अनुसूची ३ बमोजिमको ढाँचामा निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) मूल्याङ्कन समितिले प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन कार्य अनुसुची ४ बमोजिमको चेकलिष्टको आधारमा गर्नेछ।

(५) निर्देशनालयले छनौटमा परेका प्रस्तावहरुको फिल्ड प्रमाणिकरणका लागि अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा टोली खटाउन सक्नेछ। टोलिले तोकिएको अवधि भित्र आफ्नो राय सहित मूल्यांकन समितिमा विवरण पेश गर्नुपर्नेछ।

(६) अनुसूची ५ अनुसार फिल्ड प्रमाणिकरणबाट योग्य भई सिफारिस सहित आएका प्रस्तावहरुको मूल्याङ्कन समितिले अनुसुची ६ अनुसार समग्र मूल्याङ्कन गरी अनुदानग्राहीको बिस्तृत विवरण अन्तिम स्विकृतिको लागि अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्नेछ ।

(७) अनुदान व्यवस्थापन समितिले मूल्याङ्कन समितिले सिफारिस गरेका प्रस्तावहरुलाइ आवश्यक जाँचवुझ गरि स्वीकृत वा अस्वीकृत गर्नेछ।

(८) छनौटमा परी स्वीकृत भएका प्रस्तावहरुको यथार्थ विवरण सबैको जानकारीको लागि प्रकाशन गरिनेछ ।

(९) निर्देशनालयले छनौट परेका अनुदानग्राहीलाई अनुसूची ७ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गर्नेछ।

(१०) कार्यक्रम अवधि र क्रियाकलापको बिवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्थाः

६. **निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ।

(क)मा. मन्त्रि भूमि व्यवस्था, कृषि तथा सहकारी    अध्यक्ष

| | | |
|---|---|---|
| | मन्त्रालय | |
| (ख)प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) प्रमुख | पशुपन्छी विकास महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (घ) प्रमुख | योजना तथा अनुगमन महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ङ) सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (च) निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ)सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने हुनेछ ।

७. **अनुदान व्यवस्थापन समितिः** (१) कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क)निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख)प्रमुख | पशुपन्छी विकास महाशाखा, भु. कृ. स. म. | सदस्य |
| (ग) प्रमुख | योजना तथा अनुगमन महाशाखा, भु. कृ. स. म. | सदस्य |
| (घ) व.म.वि.अ. | मत्स्य विकास शाखा | सदस्य |
| (ङ) व प चि | पशु स्वास्थ्य इपिडेमियोलोजी तथा नियमन शाखा | सदस्य |
| (च) प्रमुख | आर्थिक प्रशासन, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ)व.प.वि.अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा | सदस्य-सचिव |

(२) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने ।

(ग) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार फिल्ड प्रमाणिकरण कार्य पुन गराउन सक्नेछ ।

**८. मूल्याङ्कन समितिः** (१) कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) व.प.वि. अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा, प.म.वि.नि. | संयोजक |
| (ख) कृषि अर्थ विज्ञ | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा, प.म.वि.नि. | सदस्य |
| (ग) म.वि. अ. | मत्स्य विकास शाखा, प.म.वि.नि. | सदस्य |
| (घ) प. चि. | पशु स्वास्थ्य इपिडेमियोलोजि तथा नियमन शाखा, प.म.वि.नि. | सदस्य |
| (ङ) लेखा प्रमुख | आर्थिक प्रशासन शाखा, प.म.वि.नि. | सदस्य |
| (च) प.वि.अ. | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा, प.म.वि.नि. | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) मागमा आधारित अनुदान कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको अनुसूची ५ अनुसार प्रारम्भिक मूल्याङ्कन गर्ने गराउने ।

(ख) फिल्ड प्रमाणिकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने।

(ग) आवश्यकताका आधारमा नमूना स्थलगत प्रमाणिकरण गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) फिल्ड प्रमाणिकरणबाट प्राप्त भएको फिल्ड रिर्पोटको अनुसूची ६ बमोजिमको मूल्याङ्कनको आधारमा मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्ने।

## परिच्छेद ४
## भुक्तानी प्रक्रिया

९.**अनुदान रकम भुक्तानी** : अनुदान रकम भुक्तानीसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनका लागि छनौट पश्चात कार्ययोजना सहित द्विपक्षिय सम्झौता गरी निर्देशनालयले कार्यदिश दिनेछ वा सो कार्यका लागि मातहतका निकायलाई लगाउनेछ।

(ख) कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समयभित्र भुक्तानी माग गर्नुपर्नेछ र सो अनुसार निर्देशनालयले स्थलगत निरिक्षण गरी वा गराई सम्वन्धित पशुसेवा विज्ञ केन्द्रको सिफारिस पश्चात सम्पादित कार्यका आधारमा प्रचलित कानूनबमोजिम कन्टिन्जेन्सी रकम र अग्रीम आयकर कट्टि गरी भुक्तानी गर्नेछ ।

## परिच्छेद ५
## विविध

**१०. कार्यक्रम अनुगमन निरिक्षण सम्बन्धी व्यवस्थाहरु:** यस कार्यक्रमसम्बन्धी स्थलगत निरिक्षण एवम् अनुगमन मन्त्रालय, निर्देशनालय वा तोकेको कार्यालयले गर्नेछ।

**११. अनुदान प्राप्त नहुने:** नेपाल सरकारले घोषणा गरेका प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तथा अन्य आयोजना वा कार्यालयबाट सोही कार्यक्रमका लागि दोहोरो हुने गरी अनुदान प्रवाह गरिने छैन।

**१२. मन्त्रालयको निर्णयबमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सो को व्याख्या मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

**१३. संसोधनसम्बन्धी व्यवस्था:** यस कार्यविधिमा भएका व्यवस्थाहरु मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूचीहरु

## अनुसूची १

### दफा ५ को उपदफा (२) सँग सम्बन्धित

### मागमा आधारित अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सुचना प्रकाशन मिति........**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं ५, बुटवलको आ.व. २०७५/७६ को मागमा आधारित अनुदान कार्यक्रमका लागि तपशिलको वर्गिकरणमा रहेर कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/समूह/कृषि सहकारी/फार्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपशिलमा तोकिएका कागजतहरु संलग्न गरी तोकिएका कार्यालयमा निवेदन सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

१. **बर्गिकरण**

| क सं | लगानीको क्षेत्र | प्रथम पक्षबाट लगानीहुने रकम | अनुदानग्राहीको साझेदारी अंश | योग्य आवेदक |
|---|---|---|---|---|
| १. | जिउंदो माछा/ मासु/ डेरी पसल सुधार र निर्माण | बढीमा ४ (चार) लाख | ५० (पचास) प्रतिशत | माछा पकेट क्षेत्रका व्यावसायिक उत्पादक, कृषक वा कृषक समूह, उत्पादनमूलक पशुपन्छी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्थाहरु, निजी फर्म तथा उद्यमीहरु |
| २. | नया पोखरी निर्माण विथ डिजेल पम्प/ईलेक्ट्रिक मोटर, एरीयटर, जाल, अटो'फिडर | बढीमा १० (दश) लाख | ५० (पचास) प्रतिशत | मत्स्य पालक कृषक वा व्यवसायी कृषकसमूह, उत्पादनमूलक सहकारी संस्थाहरु, मत्स्यमा संलग्न निजी फर्म तथा उद्यमीहरु |
| ३. | गाई/ भैंसी/वंगुर/भेंडा/वाखा/ | बढीमा ४ (चार) लाख | ५० (पचास) प्रतिशत | कृषक वा समूह तथा सहकारीमा आबद्ध |

| | | | | |
|---|---|---|---|---|
| | | | | कृषक/पशुपन्छी व्यवसायमा संलग्न निजी फर्म तथा उद्यमीहरु |
| ४. | मत्स्य ह्याचरी निर्माण/सुधार | बढीमा ६ (छ) लाख | ५० (पचास) प्रतिशत | मत्स्य कृषक वा मत्स्य पेशामा संलग्न निजी फर्म तथा उद्यमीहरु |
| ५. | नविन कार्यक्रम ( पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी ) | प्रस्तावना अनुसार प्रत्येक शीर्षकमा बढीमा ४ लाख | ५० (पचास) प्रतिशत | कृषक वा कृषक समूह, उत्पादनमूलक पशुपन्छी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्थाहरु, निजी फर्म तथा उद्यमीहरु |

नोटः मागमा आधारित अनुदान कार्यक्रम अन्तर्गत प्रस्ताव आवेदनका लागि लगानी क्षेत्र विशेष मूल्य श्रृंखलाहरुको लागि निर्धारित मापदण्ड तथा आवेदन दर्ता गर्ने निकायको विवरण यस निर्देशनालयको वेवसाइट तथा मातहतका कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**२. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरुः**

१. पशुपन्छी/मत्स्य कृषक, समूह/सहकारी संस्था, निजी फर्म तथा उद्यमीहरुले आधिकारीक निकायमा सूचना प्रकाशन मिति भन्दा अगाडी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति।

२. पशुपन्छी/मत्स्य सहकारी संस्था निजी/फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाण पत्र, VAT/PAN दर्ताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

३. ब्यावसायिक पशुपन्छी/मत्स्य कार्यक्रमको प्रस्ताव अनुसूचि ३ बमोजिमको ढाँचामा १ प्रति।

४. पशुपन्छी/मत्स्य कृषक, समूह/ पशुपन्छी/मत्स्यनिजी फर्म तथा /सहकारी संस्था घमीहरुकोउ ब्यवसायिक पशुपन्छी/मत्स्य कार्यक्रम प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी, प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति।

५. कार्यक्रम सञ्चालनको लागि जग्गा आवश्यक पर्ने अवस्थामा आफ्नो जग्गा भएमा लालपुर्जाको प्रतिलिपी वा सार्वजनिक घोलताल, जग्गा भाडामा लिई व्यवसाय

गर्नेको हकमा कम्तिमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि १/१ प्रति ।

६. प्रस्तावनाको ढाँचा अनुसूचि यस निर्देशनालयको वेबसाईट (dolfd.p5.gov.np) वाट डाउनलोड गर्न सकिनेछ।

७. प्रस्तावना दर्ता निर्देशनालयको मातहतका कार्यालय तथा सुचना प्रकाशनका बखत निर्देशनालय मातहतका कार्यालयले तोके बमोजिम हुनेछ।

**अनुसूची २**

**दफा ५ को उपदफा (३) सँग सम्बन्धित**

**मागमा आधारित अनुदान कार्यक्रमका लागि मापदण्ड**

| **सि.नं.** | **लगानीका उपक्षेत्रहरु** | **मूल्य श्रृखलाहरु** | **न्यूनतम आवश्यकता** |
|---|---|---|---|
| १. | जिउंदो माछा/ मासु/ दुध पसल सुधार र निर्माण | दैनिक गुणस्तरिय जिउदो माछा/ फ्रोजन मासु/ दूध तथा विविधिकरण गरिएका दुग्ध पदार्थहरु विक्री वितरण गर्नुपर्ने | जिउंदो माछाको अक्सिजन सिलिन्डर, सिमेन्टेड ट्याङ्क, मासु पसल र डेरी पसलको हकमा पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ बमोजिम हुनेछ |
| २. | नया पोखरी निर्माण विथ डिजेल पम्प/ईलेक्ट्रिक मोटर, एरीयटर, जाल, अटो'फिडर | नया पोखरी निर्माण गरी सघन मत्स्य पालन तथा आधुनिक उपकरणहरु प्रयोग | कम्तिमा मा ३ हेक्टर सम्म जलाशय क्षेत्रफल हुनुपर्ने |
| ३. | गाई/ भैंसी/वंगुर/भेंडा/वाखा/ पालन तथा फर्म सुधार | मासु, दूध, अण्डा उत्पादन | प्रस्ताव पेश गर्दा न्यूनतम १० गोटा दुहुना गाई/भैसी भएको र कम्तिमा ५ गोटा दुधालु गाई/भैसी थप गर्नुपर्ने, वाखाको हकमा ३० माऊ भएको हुनुपर्ने र प्रस्ताव स्वीकृत पश्चात थप २० |

| | | | |
|---|---|---|---|
| | | | माऊ बाख्रा थप गर्नुपर्नेछ, माउ बंगुर ८ वटा पालन गरेको हुनुपर्ने र प्रस्ताव स्वीकृत पश्चात २ माऊ थप गर्नुपर्नेछ। |
| ४. | मत्स्य ह्याचरी निर्माण/सुधार | गुणस्तरिय मत्स्य विज उत्पादन गर्नु पर्ने (फ्राइलिङ, ह्याचलिङ, फिन्गरलिङ्ग) | मत्स्य विज उत्पादनको लागी सम्पुर्ण पूर्वाधारको व्यवस्था हुनुपर्ने |
| ५. | नविन कार्यक्रम (माछा, मासु, दूध, अण्डा) | माछा, मासु, दूध, अण्डा उत्पादन, विविधिकरण तथा बजारीकरणका मूल्य श्रृखंलाहरु। | पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन बढ्न गइ पोषण सुधार हुनुपर्ने |

**पुनश्चः** (क) माथि उल्लेखित ५ प्रकारका कार्यक्रमहरुमध्ये कुल विनियोजित बजेटको मत्स्यतर्फ ३०%, मासुतर्फ २५%, दुध तर्फ २५%, अण्डा तर्फ १०% र नविन प्रविधि तथा सोच तर्फ १०% विनियोजन गरिनेछ। तथापि कुनै शिर्षकमा कम प्रस्ताव आएमा वा छनौट भएमा अन्य शिर्षकमा सो रकम थप गर्न सकिनेछ तर कुनै उपक्षेत्रमा माग नआएमा वा तोकिएको सिमा भन्दा कम आएमा अन्य उपक्षेत्रमा विनियोजन गर्न सकिनेछ।

(ख) माछा पकेट क्षेत्रमा व्यावसायिक उत्पादकलाई बजारीकरणमा सहयोग कार्यक्रम सञ्चालनका लागि जिंउदो माछा पसल सञ्चालनमा सहयोग गर्ने गरी यसै कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

## अनुसूची ३ (क)
## दफा ५ को उपदफा (३) बमोजिमको

### मागमा आधारित अनुदान कार्यक्रमका लागी निवेदन तथा प्रस्ताव पत्रको ढाँचा

मितिः.....................

श्री निर्देशकज्यू,

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. ५ बुटवल,

**विषयः** मागमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको वारे ।

प्रस्तुत विषयमा तहां निर्देशनालयबाट मिति...................मा प्रकाशित गरिएको सूचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन योग्यता पुगेकोले ............................ बर्गिकरणको.......................................मूल्य श्रृङ्खला अन्तर्गत निर्देशनालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहि व्यवसायीक पशुपन्छी तथा मत्स्य कार्यक्रमसंचालन गर्ने निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरे का छौं वा छु ।

**संलग्न कागजातहरु :**

१. व्यवसायीक पशुपन्छी तथा मत्स्य कार्यक्रम प्रस्ताव अनुसुची ३ बमोजिम पेज..........को .........प्रति ।

२ व्यवसायीक कार्यक्रम पशुपन्छी तथा मत्स्य सम्बन्धी समूह/सहकारीको वैठकको निर्णयको प्रतिलिपी ।

३. संस्था दर्ताको प्रमाण पत्र/लेखा परिक्षण प्रतिवेदन/ कर चुक्ताको प्रमाणपत्र/ VAT/PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपी .........प्रति ।

४.प्रस्तावकको नागरिकताको प्रतिलिपी १ प्रति ।

५. जग्गाको लालपूर्जा/ भाडा सम्झौता पत्रको प्रतिलिपी १ प्रति ।

६. निर्माण गरिने पूर्वाधारको सामन्य डिजाइन तथा स्टीमेट

७. अन्य ........................ ........................................

दस्तखत

नाम :...........................................

ठेगानाः..............................................

पद :.....................................

संस्थाको/उद्यमीको नाम : ..................

सम्पर्क नं..............................

इमेलः..................................

(संस्थाको छाप)

## अनुसूची ३(ख)
## दफा ५ को उपदफा (३) संग सम्बन्धित
## व्यावसायिक पशुपन्छी तथा मत्स्य विकास कार्यकम प्रस्ताव ढाँचा

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| व्यवसायीक पशुपन्छी तथा कार्यक्रमको संकेत नं. | | बर्गिकरण नं. | |

### खण्ड कः आवेदक तथा व्यवसायिक कार्यक्रमको विवरण

१. आवेदक संस्था/संगठन /उद्यमीको सम्वन्धी विवरण

| आवेदक संस्थाको | नाम :...................................................... |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्ला :.............................................................<br>गा.पा. /न.पा.:..........................वडा नं.:................<br>गाँउ/टोल :............................... ईमेल.....................<br>टेलिफोन नं :....................................................... |
| कार्यक्रमको पत्राचार गर्ने ठेगाना | १. सम्पर्क ब्यक्तिको नाम :.................................<br>२.टेलिफोन.......................मोवाईलः...................................<br>३. फ्याक्सः..............................................<br>४. इमेल.................................................. |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २. पशुपन्छी सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्य खुलाउने):............................... |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष.......................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ............................................................<br>सस्था दर्ता गर्ने निकाय..............................................<br>मितिः(दिन/महिना/बर्ष)................................................. |
| भ्याट/प्यान दर्ता नं. | ................................................................ |
| बर्गिकरण | १ (क)<br>१ (ख)<br>२ |
| प्रस्ताव पेश गरेको मूल्य श्रृङ्खला | |

२. प्रस्तावित व्यवसायीक कार्यक्रमको नाम र ठेगाना

| कार्यक्रमको नाम | |
|---|---|
| ठेगानाः | गाउँ /टोलः....................वडा नं................<br>गाँउपालिका/नगरपालिकाः......................<br>जिल्लाः................ |

३. प्रस्तावित कार्यक्रम संलग्न हुने सेवाग्राहीहरुको वा घरपरिबार विवरण (सख्या) जम्मा सदस्य संख्या ........................ समेटिएका जम्मा घरधुरी संख्या .........................

| समावेशिकरण बिवरण | | | |
|---|---|---|---|
| उप आयोजनमा संलग्न हुने कुल सदस्य संख्या | महिला | पुरुष | जम्मा |
| दलित | | | |
| जनजाति | | | |
| मूस्लीम | | | |
| थारु | | | |
| बादी | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

४. प्रस्तावित कार्यक्रमका उद्देश्यहरुः

क.

ख.

ग.

५. प्रस्तावित कार्यक्रमको कूल लागतको बांडफांड

| क.सं. | वित्तीय श्रोत | पूँजिगत रु. | चालु रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १. | आवेदकको लगानी रकम रु. | | | |
| २. | कार्यक्रमको रकम रु. | | | |
| | कुल लागत | | | |

६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति

| पद | नाम,थर | विशेष भूमिका | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७.अन्य कुनै संस्थाबाट प्रस्तावति कार्यकको मूल्य श्रृङ्खलामा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए खुलाउनुहोस् ।

प्राप्त गरेको/नगरेको

सहयोगदिने संस्थाको नाम................................................ प्राप्त आ.ब.............

सहयोग लिएको रकम रु.....................काम सम्पन्न भएको छ/छैन

## खण्ड खः प्रस्तावित कार्यकमको योजना विवरणः

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्वन्धि विवरण

क.

ख.

ग.

९. संस्था वा उद्यमी संग हाल भएको, मानविय, वित्तीय तथा भौतिक श्रोत संवन्धि विवरण

९.१ भौतिक साधनहरु

| क.सं | भौतिक सामाग्रीको बिबरण | संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९.२.जनशक्तिको विवरण

| क.सं. | नाम, थर | शिक्षा /तालिम | अवधि | उतिर्ण गरेको तह | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९.३. गत ३ बर्षको बितिय अवस्था

| क.सं. | बितियश्रोतहरु | बर्ष...................... (नेरु) | बर्ष...................... (नेरु) | बर्ष...................... (नेरु) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## १०. व्यावसायिक योजना

### १०.१ पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी व्यबसायको लागि (मूल्य श्रृखलाहरुमा आधारित तोकिएको मापदण्ड अनुरुप)

| क.स. | पशुधन तथा मत्स्य सम्बन्धी बिबरण | हालको संख्या | अपेक्षित लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) संख्या | | | हालको उत्पादन लि.मे.ट. संख्या. | अपेक्षित उत्पादन लक्ष्य (कार्यक्रम कार्यान्वयन पश्चात्) लि.मे.ट. संख्या | | | हाल रोजगारी संख्या | अपेक्षित रोजगारी संख्या बार्षिक | हालको बार्षिक आम्दानी रु. | अपेक्षित बार्षिक आम्दानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | वर्ष १ | वर्ष २ | वर्ष ३ | | | | |
| १. | जिउंदो माछा/ मासु/ दुध पसल सुधार र निर्माण | | | | | | | | | | | | |
| २. | नया पोखरी निर्माण विथ डिजेल पम्प/ईलेक्ट्रिक मोटर, एरीयटर, जाल, अटो'फिडर | | | | | | | | | | | | |
| ३. | गाई/ भैंसी/वंगुर/भेंडा/ वाखा/ फर्म सुधार | | | | | | | | | | | | |
| ४. | मत्स्य ह्याचरी निर्माण/सुधार | | | | | | | | | | | | |
| ५. | नविन कार्यक्रम (माछा, मासु, दूध, अण्डा) | | | | | | | | | | | | |

१०.२ बजार प्रतिस्पर्धा रणनीति बारे उल्लेख गर्नुहोस् (उत्पादन सामाग्री खरिद तथा विक्री योजना सहित)

क.

ख.

ग.

१०.३ **कार्यक्रम कृयाकलाप,बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण**

| सि.नं. | कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माग गरेको अनुदान रु | अनुदानग्रहीले ब्यहोर्ने रकम रु. | अनुदान प्रतिशत |
| क. | पूँजिगत खर्च (पूर्वाधार बिकास तथा मेसिनरी) | | | | | | | |
| १ | भौतिक संरचना तथा बजार पूर्वाधार विकास | संख्या | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| १.३ | | | | | | | | |
| २ | सिंचाई पूर्वाधार/दाना ब्यवस्थापन | संख्या | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| २.३ | | | | | | | | |
| ३ | मेसिनरी औजार उपकरणहरु | संख्या | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |
| ३.३ | | | | | | | | |
| ३.४ | | | | | | | | |
| | **पूँजिगत खर्च जम्मा(क)** | | | | | | | |
| **ख** | **चालु खर्च** | | | | | | | |
| ४ | उत्पादन सामग्रीहरु | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.१ | | | | | | | | |
| ४.२ | | | | | | | | |
| ४.३ | | | | | | | | |
| ४.४ | | | | | | | | |
| ५ | श्रम | कार्य दिन | | | | | | |
| ५.१ | दक्ष श्रम | व्य. दिन | | | | | | |
| ५.२ | अदक्ष श्रम संख्या | | | | | | | |
| **६.** | **पारदर्शिता तथा सुशासन** | | | | | | | |
| ६.१ | कार्यक्रमको संक्षिप्त विवरण लेखिएको होडिङबोर्ड | संख्या | | | | | | |
| ६.२ | सार्वजनिक सुनुवाइ | पटक | | | | | | |
| ६.३ | व्यवसायीक कार्यक्रम अन्तिम प्रतिबेदन तयारी | संख्या | | | | | | |
| | **चालु खर्च जम्मा (ख)** | | | | | | | |
| | **व्यवसायीक कार्यक्रम कुल खर्च (क+ख)** | | | | | | | |

**१०.४ व्यावसायीक कार्यक्रम बार्षिक कार्यतालिका (Annual work calendar)**

| क्रियाकलाप | वर्ष १ | | |
|---|---|---|---|
| | | पहिलो ३ महिना (माघ–चैत) | द्योस्रो ३ महिना (बैशाख– असार) |
| | | | |
| | | | |

**खण्ड ग: व्यावसायीक कार्यक्रमको सामाजिक तथा बाताबरणीय पक्ष**

## ११.सामाजिक तथा बाताबरणिय परिक्षण (Environmental and Social Screening)

### ११.१ कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | यदि पर्छ भने के यो उप आयोजना संचालनबाट कुनै प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ? |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

### ११.२. वातावरण व्यवस्थापन योजना

(प्रस्तावित कार्यक्रम कार्यान्वयनको सिलसिलामा उत्पन्न हुन सक्ने अप्रत्यासित वातावरणीय तथा सामाजीक समस्याहरु समाधानको लागि यस मा केहि कृयाकलापहरु प्रस्तावित गरिएको भए त्यसको छोटकरी विवरण )

| क्रियाकलापहरु | वातावरणमा प्रभाव | न्यूनीकरणका उपाय | प्रस्तावित न्यूनीकरणको खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

८ वातावरणमा प्रभाव पार्ने क्रियाकलाप मात्र उल्लेख गर्नु होला

११.३ प्रस्ताबित कार्यक्रमलाई दिगो राख्न के योजना सोच्नु भएको छ ?

क.........................................................................................................................
............ख.......................................................................................................
.........................ग..........................................................................................
.......................................

## ११.३ संस्था वा उद्यमी को तर्फबाट स्वघोषणा

म/हामी, हाम्रो संस्थाको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/हाम्रो ज्ञान बुद्धिले जानेसम्म यो फारममा उल्लेख गरिएका विवरण/तथ्यहरु सत्य छन । माथिका विवरण तथा तथ्यहरु हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा हाम्रो आवेदन छनोट प्रक्रियामा समावेश गर्ने छैन भन्ने कुरा मैले/हामीले राम्ररी बुझेकोछु/बुझेकाछौ । हाम्रो व्यवसायीक पशुपन्छी तथा मत्स्य कार्यक्रम स्वीकृत भएमा कार्यालयको नीति नियम पालना गरि कार्यान्वयन गर्दछौ व गर्ने छु । प्रस्तावित लगानी कार्यक्रमको लागि अन्य दाताहरुबाट अनुदान लिएको वा लिन पहल भए नभएको स्वघोषणा समेत गर्दछौ व गर्ने छु ।

संस्थाको तर्फबाट दस्तखत गर्ने
संस्थाको छाप

दस्तखतः ...............................................
नामः ....................................................
पदः .....................................................
संस्थाको नाम :.......................................
मितिः ..................................................
सम्पर्क नं.............................................
इमेलः..................................................

## अनुसूची ४
## दफा ५ को उपदफा (४) सँग सम्बन्धित
## प्रारम्भिक मुल्याङ्कनको लागि चेक लिष्ट

| | |
|---|---|
| दर्ता नं./ जिल्ला : | |
| पशुपन्छी तथा मत्स्य समूह, पशुपन्छी तथा मत्स्य सहकारी, निजी फर्म,उद्यमीको नामावली विवरणः | |
| ठेगाना | |
| लगानीको उप क्षेत्र वा बर्गिकरण | |
| पेश गरेको मूल्य श्रृंखला | |
| सम्पर्क व्यक्तिको नामः | सम्पर्क नं.<br>ईमेल |

| सि.न. | विवरण | भएको वा नभएको | कैफियत |
|---|---|---|---|
| १ | आधिकारीक निकायमा दर्ता | | |
| २ | कर कार्यालयमा दर्ता(आवश्यक भएमा) | | |
| ३ | अडिट रिपोर्ट (आवश्यक भएमा) | | |
| ४ | कर चुक्ता प्रमाण पत्र(आवश्यक भएमा) | | |
| ५ | प्रस्तावना पेशको लागि निर्णय | | |
| ६ | प्रस्तावनामा आफूलेलागत ब्यहोर्ने प्रतिवद्धता | | |
| ७ | प्रस्तावनामापेश गर्दा मापदण्ड अनुसार हुनु पर्ने | | |
| ८ | अनुसूची-३ बमोजिमको आयोजनाको प्रस्तावना | | |
| ९ | PAN आवस्यक भएमा | | |
| १० | यस अघिको अनुदानको अवस्था | | |
| ११ | नागरिकता | | |
| १२ | जग्गा धनी प्रमाण पुर्जा वा सम्झौता | | |
| १३ | समभाव्यता | | |

<u>प्रस्तावित निर्णय</u>

अघि बढाउने ☐ अघि नबढाउने ☐

यदि अघि नबढने अवस्थामा कारण

| |
|---|
| |

| क स | रुजु गर्नेको नाम | पद | हस्ताक्षार |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

# अनुसूची ५

## दफा ५ को उपदफा (६) सँग सम्बन्धित

## फिल्ड प्रमाणिकरणको फाराम

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| प्रस्तावना दर्ता नं. | | वर्गिकरण | |

**खण्ड क: अनुदान ग्राहीको विवरण**

१. अनुदान ग्राहीको विवरण

| आवेदक संस्थाको | नाम :........................................................ |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्ला :.............................................................<br>गा.पा./न.पा.:...........................वडा नं.:................<br>गाँउ/टोल :................................ ईमेल.....................<br>टेलिफोन नं :........................................................ |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १.समूह २.सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्य खुलाउने):............................... |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष.......................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ..............................................................<br>सस्था दर्ता गर्ने निकाय.............................................<br>मितिः(दिन/महिना/बर्ष)..................................................... |
| भ्याट/प्यान दर्ता नं. | .................................................................. |
| बर्गिकरण | १ (क)<br>१ (ख)<br>२ |
| प्रस्ताव पेश गरेको मूल्य श्रृङ्खला | |

२. प्रस्तावित व्यवसायीक कार्यक्रम विवरण

| कार्यक्रमको नाम | |
|---|---|
| ठेगानाः | जिल्ला...........................................................................<br>स्थानिय पालिका.............................................................<br>गाउँ /टोलः.....................................वडा नं...................... |

३. प्रस्तावित कार्यक्रममा संलग्न हुने सेवाग्राहीहरुको वा घरपरिबार विवरण (सख्या)

जम्मा सदस्य संख्या ........................ समेटिएका जम्मा घरधुरी संख्या .........................

| समावेशिकरण बिवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कार्यक्रममा संलग्न हुने कुल सदस्य संख्या | | | |
| दलित | | | |
| जनजाति | | | |
| मूस्लीम | | | |

| | | | |
|---|---|---|---|
| थारु | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |

४. प्रस्तावित कार्यक्रमको उद्देश्यहरु अनुसारको क्रियाकलापहरु संचालनको अवस्था
क) भएको ख) नभएको

५. प्रस्तावितकार्यक्रमको कूल लागतको बांडफांडमा लागत सहभागिताको श्रोत खुल्ने प्राप्त आधार भएको वा नभएको
क) भएको ख) नभएको ग) भएको भए अधार लेख्नु पर्ने ..........................................................................................................................

६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति गठन सम्वन्धि विवरण

क) भएको ख) नभएको

७.अन्य कुनै संस्थाबाट प्रस्तावति मूल्य श्रृङ्खलामा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए वा नभएको
क) भएको ख) नभएको
ग) प्राप्त भएको भए सहयोगदिने संस्थाको नाम...............................................................
प्राप्त आ.ब.............सहयोग लिएको रकम रु....................काम सम्पन्न भएको छ/छैन

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्वन्धि विवरण

क.

ख.

ग.

९.संस्थाको भौतिक साधनहरु

१०.संस्थाको वितिय अवस्था रु.

११. कार्यक्रम संचालनको व्यवस्था:

प्राविधिकपक्ष

उत्पादनयोजना

बजारयोजना

**१२. प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको बाताबरणीय अवस्था**

| क.सं. | बिबरण | पर्छ | पर्दैन | यदि पर्छ भने के यो उप आयोजना संचालनबाट कुनै प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ? |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

१३. प्रस्ताबित कार्यक्रमालाई दिगो राख्न के योजना सोच्नु भएको छ ?
क.....................................................................................................ख....
.................................................................................................ग..........
..........................................................................................

१४. प्रस्तावित आयोजना संचालनको लागि उपयुक्त भएको वा नभएको राय
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
...................................

**निर्णयः**

..............................................................................................................
..............................................................................................................
.............

**मूल्याङ्कन समिति**

| सि.नं. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

## अनुसूची ६
## दफा ५ को उपदफा (६) सँग सम्बन्धित

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.स. | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक योजना | ३० | |
| २ | मूल्यश्रृंखलामा सहभागिको अनुभव | ५ | |
| ३ | प्राविधिक पक्ष | ५ | |
| ४ | आर्थिक पक्ष | २० | |
| ५ | उत्पादन योजना | १० | |
| ६ | बजार योजना | १० | |
| ७ | कार्यक्रमको दिगोपना | १० | |
| ८ | वातावरणिय पक्ष | ५ | |
| ९ | सामाजिक पक्ष | ५ | |
| | जम्मा | १०० | |

## अनुसूची ७
## दफा ५ को उपदफा (९) सँग सम्बन्धित
## मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूना

प्रदेश सरकार, प्रदेश नं. ५, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आर्थिक बर्ष २०७......।०७...... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं ५, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय(यसपछि प्रथम पक्ष भनिने..........र श्री ................,(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

**तपशिलः**

१. प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत ब्यावसायिक पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु.......... मध्ये दोश्रो पक्षलाई रु.....(अक्षरुपी.................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्ने छ ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारकोकार्यक्रम सञ्चालनगर्नु पर्नेछ ।

३. दोश्रोपक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसारका पशुपन्छी तथा मत्स्य सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ ।

४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा प्रगतीका आधारमा अनुदान रकम दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिईनेछ।यो रकम कार्यक्रम सम्पन्न पछि मात्र भुक्तानी हुनेछ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माणको हकमा विस्तृत डिजाईन तथा इष्टिमेट यसै सम्झौतामा समाबेश भए बमोजिम गर्नु पर्नेछ।

६. दोश्रोपक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगती विवरण प्रथमपक्ष वा प्रथम पक्षले तोकिएको कार्यतालिका निर्माण गरिने छ र सोही अनुसार तोकिएको निकायमा उपलब्ध गराउनु पर्ने छ।

७. कार्यक्रम सञ्चालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना,लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ।

८. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको लागि प्रकृया अगाडी बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| **दोस्रो पक्षको तर्फवाट** | **प्रथम पक्षको तर्फवाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| सस्थाको छापः | कार्यालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत साल ...........महिना.........रोज...........शुभम्.....

**नोटः द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।**